

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक २९ गते आइतबार ❑ 15 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

रास्वपा र सरकारबीच विवाद छैन: सभापति लामिछाने

रासस
काठमाडौं, २८ कार्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टी र सरकारबीच कुनै विवाद नरहेको स्पष्ट पार्नुभएको छ।

जनकपुरधाममा शनिबार आयोजित छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले सरकारलाई पार्टीले दिने सुझाव र आलोचनालाई विवाद वा फुटको सङ्केतका रूपमा बुझ्न नहुने बताउनुभयो। पार्टीभित्रको बहस र आलोचना आन्तरिक लोकतन्त्रको अभ्यास भएको उहाँको भनाइ थियो। सरकारलाई कहिलेकाहीं सुझाव र आलोचना दिँदा अनावश्यक हल्ला हुने गरेको उल्लेख गर्दै उहाँले त्यस्ता हल्लामा विश्वास नगर्न आग्रह गर्नुभयो।



सरकार आफ्ना प्रतिबद्धता पूरा गर्न केन्द्रित रहेको उहाँले बताउनुभयो।

सभापति लामिछानेले यसपटक जनताले रास्वपालाई परिवर्तनको अवसर दिएको उल्लेख गर्दै मधेशका जनताले त्यसको अनुभूति गर्न नसके आगामी निर्वाचनमा आफू मत माग्न नआउने बताउनुभयो। जनतालाई झुक्याएर मत माग्ने राजनीति आफूलाई स्वीकार्य नहुने उल्लेख गर्दै उहाँले प्राप्त अवसरलाई धोका नदिन पार्टीका नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो। उहाँले पार्टीको उम्मेदवार बनाइदिने भन्दै केही व्यक्तिले अग्रिम रकम माग्न थालेको सूचना आफूले पाएको बताउनुभयो। रास्वपाले अहिलेसम्म कसैलाई पनि निर्वाचनको टिकट दिने वाचा नगरेको स्पष्ट पार्दै उहाँले टिकट दिलाइदिने प्रलोभनमा रकम माग्ने व्यक्तिबाट सचेत रहन आग्रह गर्नुभयो। "उम्मेदवार म बनाइदिन्छु, टिकट म दिलाइदिन्छु भनेर अग्रिम रकम मागिएको सुनिएको छ। म आज यही मञ्चबाट घोषणा गर्दछु कि त्यस्ता सबै अग्रिम रकम डुबे", उहाँले भन्नुभयो। टिकटको प्रलोभन देखाएर रकम माग्ने व्यक्तिविरुद्ध नजिकको प्रहरी कार्यालयमा उजुरी दिन आग्रह गर्दै उहाँले पार्टीको विधि र विधानविपरीत आर्थिक लेनदेन गर्नेबारे सूचना दिनेलाई विशेष सम्मान गरिने बताउनुभयो। "मधेशले मालिक खोजेको होइन, सेवक खोजेको हो। हामीले फेर्नुपर्ने हाम्रा सांसदको जीवनशैली होइन, मतदाताको जीवन फेर्नुपर्नेछ", उहाँले भन्नुभयो।

पोखराका मुख्य ४ ठाँउमा छठ पर्व मनाईने तयारी

पोखरापत्र संवाददाता
पोखरा, २८ कार्तिक

पर्यटकीय नगरी पोखरामा पनि यस वर्षको छठ पर्व मुख्य गरी ४ ठाँउमा सामुहिक रुपमा धुमधामका साथ मनाउने तयारी सुरु भएको छ।

पोखराका विभिन्न छठघाटमा सरसफाइ, सजावट तथा आवश्यक व्यवस्थापनका काम अघि बढाइएको विभिन्न स्थानका छठ पूजा समितिहरुले जनाएका छन्। पोखरामा मुख्यगरी नदीपुरस्थित नारायणथान मन्दिर परिसर, बैदामस्थित केदारेश्वर महादेवमणि मन्दिर परिसर (फेवाताल किनार), रिठ्ठाघाट त्रिवेणीधाम (कालीखोला) र कमलपोखरी गरी चार स्थानमा छठ पर्व विशेष उत्साहका साथ मनाउने तयारी गरिएको हो। उक्त स्थानमा सरसफाईदेखि छठ घाट निर्माण रंगरोगन, झिलिमिलि बत्ती बाल्ने सम्मको काम भएको छ।

नेपाल-भारत व्यवसायी संघ (एनबी) कास्कीका पूर्व अध्यक्ष भुनेस कुमारका अनुसार यस वर्ष पनि बैदामस्थित केदारेश्वर महादेवमणि मन्दिर परिसरमा रहेको फेवाताल किनारको छठघाटमा धुमधामका साथ छठ माताको पूजा आराधना गर्ने तयारी गरिएको छ। त्यसका लागि छठघाटको सरसफाइ सहित झिलिमिलि बत्ती जडान गरिएको उहाँले बताउनुभयो। काम विशेष तथा पेसा व्यवसायका सिलसिलामा तराई-मधेसबाट पोखरा आएर बसोबास गर्ने समुदायले पनि आफ्नो मौलिक धार्मिक तथा सांस्कृतिक पर्व छठलाई यहाँ व्यवस्थित रूपमा मनाउन थालेपछि पोखरामा छठ पर्वको आकर्षण र सहभागिता बढ्दै गएको उहाँको भनाइ छ। अहिले पोखरामै सहज रूपमा छठ पूजा गर्न पाउँदा व्रतालु तथा भक्तजनलाई सुविधा पुगेको उहाँले बताउनुभयो।



त्यसैगरी, पोखरा नदीपुर स्थित नारायणथान मन्दिर परिसरमा रहेको छठघाटमा पनि पूजाको तयारी गरिएको छ। छठ पूजा समितिका विनोद गुप्ताका अनुसार शनिबार पञ्चमीका दिन छठघाटको सरसफाइसँगै झिलिमिली बत्ती जडान तथा आवश्यक सजावटका काम गरिएको छ। उहाँका अनुसार पोखरामा करिब दुई दशकभन्दा अघिदेखि नारायणथान मन्दिर नजिकैको नहरबाट छठ पूजा गर्न सुरु गरिएको हो। सुरुवाती समयमा सीमित स्थानबाट सुरु भएको छठ पूजा अहिले पोखराका विभिन्न स्थानमा विस्तार हुँदै चारवटा मुख्य घाटसम्म पुगेको उहाँले बताउनुभयो।

त्यस्तै, पोखराको रिठ्ठाघाट त्रिवेणीधाम (कालीखोला) र कमलपोखरी क्षेत्रमा पनि यस वर्ष छठ पर्व धुमधामका साथ मनाउने तयारी गरिएको सम्बन्धित छठ पूजा समितिहरूले

बाँकी अन्तिम पृष्ठमा ▶▶

गाउँमै उद्यम र रोजगारी सिर्जना गर्ने सम्भावना खोज्दै विद्यार्थी

पोखरापत्र संवाददाता
पोखरा, २८ कार्तिक

माछापुच्छे गाउँपालिका-८ लुम्रेका विद्यार्थीले स्थानीय स्रोतसाधनको उपयोग गरी गाउँमै उद्यम र रोजगारी सिर्जना गर्ने सम्भावना खोज्न थालेका छन्।

तारेबराह आधारभूत विद्यालयमा शनिबार आयोजित उद्यमशीलतासम्बन्धी अन्तरक्रियामा विद्यार्थीले बाँस तथा अल्लोबाट हस्तकलाका सामग्री उत्पादन, होमस्टे सञ्चालन, कृषि पर्यटन र लघु जलविद्युत् आयोजना सञ्चालनलगायतका सम्भावना पहिचान गरेका हुन्।

माछापुच्छे र मर्दी हिमालको काखमा रहेको लुम्रेमा आयोजित कार्यक्रममा विद्यार्थीले गाउँमै सीप सिक्ने अवसर र उद्यम सञ्चालनका लागि आवश्यक सहयोगको मागसमेत गरेका थिए। तारेबराह आधारभूत विद्यालयकी पूर्वविद्यार्थी सुगन श्रेष्ठले सामान्य कम्प्युटर सीप सिक्न पनि पोखरा पुग्नुपर्ने र रु १२ हजारसम्म खर्च गर्नुपर्ने अवस्था रहेको बताउँदै



गाउँमै कम्प्युटर तालिम तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले उद्यमशीलतासम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिई गाउँमै सिक्ने, काम गर्ने र उद्यमी बन्ने वातावरण बनाउनुपर्ने बताउनुभयो।

तारेबराहसहित गौरीशङ्कर मनिलाल माध्यमिक विद्यालय, निष्पक्ष माध्यमिक विद्यालय र बराह माध्यमिक विद्यालयका ३७ विद्यार्थी सहभागी कार्यक्रममा अमेरिकाको युनिभर्सिटी अफ कोलोराडो बोल्डरका प्राध्यापक तथा उद्यमी टम भिर्डेन र सामुदायिक विकास अभियन्ता लोइस श्याननले सहजीकरण गर्नुभएको थियो। विद्यार्थीले गाउँमा उत्पादन हुने कोदो, धान, चिया, अलैँची, भाँगो र महको प्याकेजिङ तथा ब्रान्डिङ गरी बजारमा पुर्याउन सकिने सम्भावनाबारे पनि धारणा राखेका थिए। स्थानीय संस्कृति र खानपानलाई समेटेर होमस्टे सञ्चालन तथा कृषि पर्यटन प्रवर्द्धन गर्न सकिने उनीहरूको भनाइ थियो। प्राध्यापक भिर्डेनले उद्यम सुरु गर्न ठूलो पुँजी वा विशेष अवसर आवश्यक नपर्ने बताउँदै आफ्नो समुदायका समस्या र आवश्यकता पहिचान गरेर व्यवसायको सुरुआत गर्न सकिने धारणा राख्नुभयो। सानो प्रयासबाट काम थाल्ने, असफलताबाट सिक्ने र स्थानीय स्रोतसाधनको उपयोग गर्ने सोच उद्यमशीलताका आधार भएको उहाँले बताउनुभयो। तारेबराह आधार भूत विद्यालयकी प्रधानाध्यापक लक्ष्मी गुरुङले यस्ता कार्यक्रमले ग्रामीण क्षेत्रका विद्यार्थीमा नयाँ सोच र आत्मविश्वास विकास गर्न सहयोग पुग्ने बताउनुभयो। उहाँले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला (आइसिटी ल्याब) स्थापना गर्न सके आसपासका क्षेत्रका विद्यार्थी तथा युवा लाभान्वित हुने बताउनुभयो। कर्मफ्लाइट्स फाउन्डेसन नेपालका राष्ट्रिय निर्देशक प्रेमबहादुर कुँवरले गाउँमा अवसर छैन भन्दै बाहिरि नुभन्दा स्थानीय सम्भावना पहिचान गरी आफ्नै ठाउँमा उद्यम र रोजगारी सिर्जना गर्न सकिने सन्देश कार्यक्रमले दिएको बताउनुभयो। फाउन्डेसनका केन्द्रीय सचिव कुलप्रसाद अधिकारी र कर्मही घर्ती मगरको समन्वय तथा फिरन्तेज एक्सपिडिसनका व्यवस्थापक पाउला र कुमार तामाङको स्थानीय सहजीकरणमा कार्यक्रम सम्पन्न भएको हो।

पर्वतीय एजेन्डालाई कोप-३१ को अन्तिम निर्णयमा समेट्न नेपालको पहल

रासस
काठमाडौं, २८ कार्तिक

नेपालले पर्वतीय क्षेत्रका जलवायु मुद्दालाई संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको ३१औँ सम्मेलन (कोप-३१) को अन्तिम निर्णयमा समेट्न कूटनीतिक पहल तीव्र बनाएको छ।


नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरिरहनुभएकी कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले पर्वतीय एजेन्डालाई अन्तर्राष्ट्रिय जलवायु वार्ताको प्राथमिकतामा स्थापित गर्न सम्मेलन अध्यक्ष राष्ट्र तथा प्रमुख वार्ता समूहसँग छलफल अघि बढाउनुभएको छ।

नेपाल र भुटानले संयुक्त रूपमा प्रस्तुत गरेको प्रस्ताव तथा किर्गिजस्तानको प्रस्तावलाई एकीकृत गरी 'पर्वत तथा जलवायु परिवर्तन' विषयमा छलफल अघि बढाउने सहमति भइसकेको मन्त्री चौधरीलेबताउनुभयो।यसअन्तर्गत जलवायु परिवर्तनसम्बन्धी सहायक निकायका आगामी अधिवेशनमा पर्वतीय मुद्दाबारे संवाद शृङ्खला सञ्चालन गरिनेछ। नेपालले उक्त संवादबाट प्राप्त नतिजालाई आगामी कोप सम्मेलनमा पेस गर्ने व्यवस्था कभर डिसिजनमै समेट्न माग गरेको छ। साथै पर्वतीय क्षेत्रका लागि छुट्टै कार्यढाँचा, पर्वतविशेष सूचक तथा जलवायु अनुकूलन र वित्तमा पर्वतीय मुलुकको सहज पहुँच सुनिश्चित गर्नुपर्ने प्रस्ताव अघि सारेको छ।

नेपालले हिमनदी पग्लिने, नदी प्रणाली प्रभावित हुने र समुद्री सतह बढ्ने विषयबीचको अन्तरसम्बन्धलाई 'सगरमाथादेखि समुद्रसम्म' अवधारणाका आधारमा अन्तर राष्ट्रिय जलवायु बहसमा स्थापित गर्नसमेत जोड दिएको छ।

मन्त्री चौधरीले पर्वतीय एजेन्डाको संस्थागत मान्यता सुनिश्चित गर्नुका साथै हानि तथा नोक्सानी कोषमा रकम वृद्धि र प्रभावित मुलुकको सहज पहुँचका लागि नेपालले पैरवी गरिरहेको बताउनुभयो।

कोप-३१ को अन्तिम निर्णय सबै पक्ष राष्ट्रको सहमतिमा पारित हुने भएकाले नेपालको प्रस्ताव समेट्न अध्यक्ष राष्ट्र र प्रमुख वार्ता समूहसँगको समन्वयलाई प्राथमिकता दिइएको छ।



घान्द्रुक, सिक्लेस र ल्वाङमा पर्यटकको घुइँचो, बास पाउनै मुस्किल

पोखरापत्र संवाददाता
पोखरा, २८ कार्तिक

तिहार र छठको बिदासँगै पर्यटकीय याम उत्कर्षमा पुगेपछि कास्कीका घान्द्रुक, सिक्लेस र ल्वाङ गाउँ पर्यटकले भरिभराउ भएका छन्। आन्तरिक पर्यटकको उल्लेख्य आगमनसँगै यी गाउँका होटल र घरबासमा पाहुनाको चाप बढेको छ । कतिपय पर्यटकले अग्रिम बुकिङ नगर्दा आवास पाउन कठिन भएको छ।

अन्नपूर्ण गाउँपालिका-१० र ११ मा पर्ने घान्द्रुकमा तिहारको भोलिपल्टदेखि पर्यटकको चहलपहल बढेको हो। घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङका अनुसार अहिले दैनिक तीन हजार चार सयदेखि तीन हजार पाँच सयसम्म पर्यटक गाउँ पुगिरहेका छन्। पर्यटकको चापले होटलमा कोठा पाउन कठिन भएपछि समितिले अग्रिम 'बुकिङ' गरेर मात्र भ्रमणमा आउन आग्रह गरेको छ।

घान्द्रुक पुग्नेमा अधिकांश आन्तरिक पर्यटक छन् भने भारतीय तथा अन्य मुलुकका पर्यटकको आगमन पनि भइरहेको छ। अन्नपूर्ण चक्रीय पदमार्गको प्रमुख गन्तव्यका रूपमा रहेको घान्द्रुक अन्नपूर्ण आधार शिविर र पुनहिल-घोरेपानी पदमार्गमा पर्ने भएकाले पदयात्रीका लागि विश्रामस्थलसमेत हो। अन्नपूर्ण र माछापुच्छे हिमशृृ लाको मनोरम दृश्य, गुरुङ समुदायको मौलिक संस्कृति, गाउँले परिवेश र स्थानीय आतिथ्य घान्द्रुकका मुख्य आकर्षण हुन्। सडक पहुँच विस्तार भएपछि पछिल्लो समय आन्तरिक पर्यटकको आगमन थप बढेको स्थानीय पर्यटन व्यवसायी बताउँछन्। पर्यटन व्यवस्थापन समितिका अनुसार गाउँमा रिसोर्टसहित ८० होटल र ३५ घरबास सञ्चालनमा छन्।



मादी गाउँपालिका-१ स्थित सिक्लेस गाउँमा पनि पर्यटकको चाप उस्तै छ । पर्यटक सूचना केन्द्रका अनुसार तिहारको भोलिपल्ट एक हजार तीन सय २४ जना पर्यटक सिक्लेस पुगेका थिए। एकैपटक ठूलो सङ्ख्यामा पर्यटक आउँदा होटल व्यवस्थापनमा कठिनाइ भएको स्थानीय व्यवसायीले बताएका छन्।

नमस्ते गेस्ट हाउसका सञ्चालक झरना गुरुङका अनुसार होटल आइतबारसम्मका लागि बुकिङ भइसकेको छ । नयाँ पाहुनालाई कोठा उपलब्ध गराउन कठिन भएपछि पर्यटकलाई होटलको अवस्था बुझेर अग्रिम बुकिङ गर्न आग्रह गरिएको उहाँले बताउनुभयो।

हिमालको काखमा अवस्थित सिक्लेस प्राकृतिक सौन्दर्यसँगै गुरुङ संस्कृति र परम्पराका लागि परिचित छ। एकै बान्कीका ढुङ्गा र जस्ताका छाना भएका घर, ढुङ्गे आँगन र बाटा, पुराना शैलीका झ्यालढोका तथा साँघुरा गल्लीले गाउँको मौलिक पहिचान झल्काउँछन् । मादी खोला, हरियाली वनपाखा र हिमाली दृश्यले जोकोही मन्त्रमुग्ध हुन्छन्।

गुरुङ सङ्ग्रहालय, शान्ति स्मारक, सिक्लेस पार्क, मौलिक भेषभूषा, नाचगान र स्थानीय परिकार यहाँका थप आकर्षण हुन्। सिक्लेस-कपुचे-कोरी पदमार्ग सञ्चालनमा आएपछि पदयात्राका लागि आउने पर्यटकको सङ्ख्या पनि बढेको स्थानीय व्यवसायी बताउँछन् । दुई दशकअघि सामुदायिक घरबासबाट सुरु भएको यहाँको पर्यटन व्यवसाय अहिले होटल र घरबाससम्म विस्तार भएको छ । पोखरा महानगरपालिकासँग जोडिएको माछापुच्छे गाउँपालिका-८ को ल्वाङ गाउँमा पनि पर्यटकको आगमन बढेको छ। तिहारको भोलिपल्टदेखि होटल र घरबासमा पाहुना भरिएपछि व्यवस्थापनमा कठिनाइ भएको ल्वाङ सामुदायिक घरबास व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष मञ्जु गुरुङले बताउनुभयो । विसं २०६७ मा सात घरबाट सुरु भएको ल्वाङको घरबास व्यवसाय अहिले २६ घरमा विस्तार भएको छ। यहाँका घरबासमा एकै रातमा ४०० सम्म पाहुनालाई आवासको व्यवस्था गर्ने क्षमता छ। प्रकृति र गुरुङ संस्कृतिको अनुभव लिन चाहने पर्यटकका लागि ल्वाङ लोकप्रिय गन्तव्य बन्दै गएको छ।

समुद्र सतहबाट एक हजार ४०० मिटर उचाइमा रहेको ल्वाङबाट माछापुच्छे र अन्नपूर्ण हिमशृृ लामा देखिने सूर्योदयको दृश्य आकर्षक मानिन्छ। गाउँको सिरानमा एक हजार २०० रोपनी क्षेत्रफलमा फैलिएको चियाबारी यहाँको अर्को प्रमुख आकर्षण हो । चियाबारी, गुरुङ संस्कार, रैथाने खाना र स्थानीय जीवनशैलीको अनुभव लिन स्वदेशी तथा विदेशी पर्यटक गाउँ पुग्ने गरेका छन्।

ल्वाङमा पर्यटकले स्थानीय परिकार बनाउने तरिका, खेतीपाती र निगालोबाट डोको तथा सेखुजस्ता सामग्री बनाउने सीपबारे जानकारी लिन पाउँछन्। अन्नपूर्ण आधार शिविर र मर्दी पदमार्ग जाने पर्यटकले पनि यहाँ विश्राम गर्ने गरेका छन् । नजिकैको पोखरा क्यानोनिङ र घलेल गाउँले यस क्षेत्रको पर्यटकीय आकर्षण थपेका छन्।

पोखराबाट घान्द्रुक, सिक्लेस र ल्वाङसम्म सडकबाट पुग्न सकिने भएकाले यी गाउँको भ्रमण सहज बनेको छ। प्राकृतिक सौन्दर्य, मौलिक संस्कृति, पदयात्रा र घरबासको अनुभवले यी गन्तव्य पर्यटकको रोजाइमा पर्दै आएका छन् । तिहार र छठको बिदासँगै बढेको पर्यटक आगमनले स्थानीय पर्यटन व्यवसायलाई चलायमान बनाएको छ भने पर्यटकको चाप व्यवस्थापन र पर्याप्त आवासको उपलब्धता चुनौतीका रूपमा देखिएको छ।



देउसी भैलो हेर्नेको भीड : पोखराको न्यूरोडमा शनिबार साँझ नौलो विहानीले आयोजना गरेको देउसी भैलो हेर्न जम्मा भएका सर्वसाधारणको भीड। तस्बिरः कृष्ण दवाडी/रासस

लेकसाइडमा 'अपरेसन सभ्यता': तीन दिनमा ४४ जना कारबाहीमा

पोखरापत्र संवाददाता
पोखरा, २८ कार्तिक

जिल्ला प्रहरी कार्यालय, कास्कीले पोखराको लेकसाइड क्षेत्रमा सञ्चालन गरिरहेको 'अपरेसन सभ्यता'अन्तर्गत गत बुधबारदेखि शुक्रबारसम्ममा अवैध गतिविधिमा संलग्न ४४ जनालाई नियन्त्रणमा लिई कारबाही प्रक्रिया अगाडि बढाइएको छ।

मादक पदार्थ सेवन गरी झैझगडा गर्ने २८, मादक पदार्थ सेवन गरी होहल्ला गर्ने छ, प्रहरीसँग झैझगडा र वादविवाद गर्ने पाँच, हतियार लिई हिँड्ने दुई, महिला तथा बालबालिकामाथि दुर्व्यवहार गर्ने दुई र झण्डीबुर्जा खेलाउने एक जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

कार्यालयका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक रामजी देवकोटाका अनुसार सोही अवधिमा ८१ वटा सवार साधनलाई नियन्त्रणमा लिई कारबाही गरिएको छ । तीमध्ये ५७ जना सवारीसाधनका चालकलाई मादकपदार्थ सेवन गरेको अवस्थामा र एक जना सवारीचालकलाई अन्य ट्राफिक कारबाही गरिएको उहाँले जानकारी दिनुभयो।

तेइस वटा सवारीसाधनलाई वडा प्रहरी कार्यालय, बैदाममा राखी थप अनुसन्धान तथा कारबाही प्रक्रिया अगाडि बढाइएको हो । पोखरा महानगरपालिका-६ स्थित लेकसाइड क्षेत्रमा पछिल्लो समय बढ्दै गएका अवैध गतिविधि नियन्त्रणका लागि प्रहरीले यही कात्तिक १८ गतेदेखि 'अपरेसन सभ्यता' सुरू गरेको थियो । उक्त अपरेसनअन्तर्गत हालसम्म १४० जना व्यक्ति र २९३ वटा सवारीसाधनलाई कारबाही गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । झैझगडा, आपसी विवाद, पर्यटकलाई दुर्व्यवहार गर्नेजस्ता अनैतिक तथा अवाञ्छित गतिविधिका कारण लेकसाइड क्षेत्रको पर्यटकीय छविमा आँच पुगेको र शान्तिसुरक्षामा खलल पुगेको जनगुनासो बढेपछि विशेष प्रहरी अपरेसन 'अपरेसन सम्भयता' सुरु गरिएको हो।

पोखराका ...

जनाएका छन्। चारवटै स्थानमा छठघाटको सरसफाइ, सजावट, बत्ती व्यवस्थापन तथा व्रतालु र भक्तजनलाई सहज हुने गरी आवश्यक तयारी भइरहेको छ।

चार दिनसम्म श्रद्धा, भक्ति र निष्ठापूर्वक मनाइने छठ पर्व सूर्यदेव र छठी माताको उपासनासँग सम्बन्धित महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व हो । पारिवारिक सुख, शान्ति, समृद्धि, सन्तानको दीर्घायु तथा कल्याणको कामना गर्दै यो पर्व मनाउने परम्परा छ।

पोखरामा व्यबस्थित रुपमा छठ पर्व मनाउन थालेसँगै पोखरा क्षेत्रमा रहेका तराई, मधेषका समुदायहरुले पोखरामै छठ पर्व मनाउनेहरुको सङख्यामा केही बृद्धि हुदै गएको स्थानियले बताउनु भएको छ।

५५ कवितामा पोखिएको नारायणप्रसादको 'युगान्तर'

पोखरापत्र संवाददाता
पोखरा, २८ कार्तिक

साहित्य केवल शब्दको संयोजन मात्र होइन, यो समयको आवाज हो। समाजका अनुभूति र परिवर्तनका चाहनालाई अभिव्यक्त गर्ने माध्यम पनि हो।

यस्तै साहित्यिक चेतना र सिर्जनात्मक यात्रालाई पुस्तकको रूप दिँदै नारायणप्रसाद सापकोटा आफ्नो पहिलो कविता संग्रह 'युगान्तर'मार्फत पाठकमाझ आएका छन् । साहित्यपोस्टले प्रकाशन गरेको सापकोटाको 'युगान्तर'मा ५५ वटा कविता समेटिएका छन्।

यस संग्रहको विशेषता भनेको कवितालाई परम्परागत रूपमा पढेर मात्र होइन र वाचन सुनेर पनि अनुभूत गर्न सकिने बहुआयामिक प्रस्तुति हो। शब्द, दृश्य र आवाजलाई एकै ठाउँमा



जोडेर तयार पारिएको यस कृतिले पाठकलाई कवितासँग जोडिने फरक अनुभूति प्रदान गरेको छ। यही नवीन प्रस्तुतिले 'युगान्तर'लाई सामान्य कविता संग्रहभन्दा केही फरक बनाएको देखिनन्छ।

कास्कीको मादी गाउँपालिका-४, तारकाङ, केउरानी, रातमाटामा विसं २०४१ मा जन्मिएका सापकोटा हाल पोखरा महानगरपालिका वडा नं १३ साझामा बस्दै आउनु भएको छ । पेसाले अङ्ग्रेजी विषयका प्राध्यापक उनी विस २०६६ सालमा स्थापना भएको भद्रकाली बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुखसमेत हुन्। त्रिभुवन विश्वविद्यालयको ग्राजुएट स्कुल अफ एजुकेसनमा विद्यावारिधि (पीएचडी) तहको अध्ययन गरिरहेका सापकोटाको व्यक्तित्व अध्यापन, अनुसन्धान र साहित्य सिर्जनासँग दिलै देखि जोडिएको छ।

उनका लागि साहित्य सिर्जना केवल व्यक्तिगत रुचि वा मनोरञ्जनको विषय मात्र होइन । सिर्जनात्मक र प्राज्ञिक दुवै लेखनमा समता र सामाजिक न्यायको खोजी गर्नु उनको लेखनको महत्वपूर्ण पक्ष हो। समाजका विविध पक्षलाई बुझ्ने, तिनका अनुभूतिलाई शब्दमा उतार्ने र सकारात्मक परिवर्तनका पक्षमा आवाज उठाउने साहित्यिक चेतना उनका सिर्जनामा प्रतिबिम्बित हुने अपेक्षा गर्न सकिन्छ । नेपाली साहित्य सिर्जनामा रुचि राख्दै आएका सापकोटाका यसअघि विभिन्न पत्रपत्रिका तथा सञ्चारमाध्यममा फुटकर लेखरचना प्रकाशित भइसकेका छन्। लामो समयदेखि शब्दसँगको सम्बन्धलाई निरन्तरता दिँदै आएका उनले पहिलोपटक आफ्ना कवितालाई संग्रहका रूपमा पाठकमाझ ल्याएका हुन् । 'युगान्तर' उनको पहिलो पुस्तकाकार कृति भए पनि यसले उनको साहित्यिक यात्रामा नयाँ अध्याय थपेको छ।

कविता मानिसका भावना, विचार र समयको प्रतिबिम्ब हो । त्यसलाई पढ्न सकिने मात्र होइन, हेर्न र सुन्न पनि सकिने माध्यमसँग जोड्नु 'युगान्तर'को विशेष पहिचान बनेको छ । साहित्यमा नयाँ प्रयोग र प्रस्तुतिको खोजी भइरहेका बेला सापकोटाको यो प्रयासले नेपाली कविता लेखन र पठन संस्कृतिमा फरक स्वाद थप्ने विश्वास गर्न सकिन्छ।





फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

सम्पादकीय

छठ पर्वको शुभकामना

नेपालीले मनाइने चाडपर्व मध्ये तराई मधेसको मिथिलाञ्चलमा मनाइने छठ पर्वले गर्दा नदि, ताल, तलाऊ झकिझकाऊ भएका छन । महत्व बढेर गएको छ । छठ पर्व भारतको विहार र नेपालको मधेस र मिथिलाञ्चलमा मात्र सीमित छैन । त्यस क्षेत्रमा बस्नेहरू जहाँ जहाँ पुगेका छन त्यहाँ त्यहाँ छठ मनाउन थालिएको छ । छठ पर्व मानिसमा भएको दुःख रोगभोक जस्ता समस्याहरुलाई निकारण गर्ने विश्वासका साथ नदी, ताल र तलाउ किनारामा गएर शुद्धतापूर्वक सूर्य देवतालाई पूजा र आराधना गरेर मनाउने गरिन्छ ।

छठ पर्वको व्रत गरे दुःख र दरिद्रतावाट मुक्ति पाइने जनविश्वास छ । मानवजातीका सबै समस्या निराकरण हुने बिश्वास गरिन्छ । धनी गरिब एकै ठाउँमा बसेर चाड मनाउँदा सामाजिक विभेद हट्दै जान्छ । छठ पर्व भव्य रुपले मनाउन नदी, तलाउ, पोखरी लगाएतका ठाउँमा सजावट गर्ने काम तिव्र रुपले भएको छ । घाट सजाउन र विजुलीले झिलीमिली बनाइएको छ । तराईका बजारहरु छठका लागि आवश्यक पर्न बाँस र माटोबाट बनेका सामाग्री, फलफूल र पूजाका सामग्रीको व्यापार हुने गर्छ । वाँसवाट निर्मित नाङ्लो, ठेकी, चंगेरी आदि सामान आवश्यक हुन्छ । माटोवाट निर्मित पाला, हाते घैला लगायतका सामाग्री र महिलाले लगाउने वस्त्र र गहनाको बिक्री हुने अवसर पनि हो । छठको वेलामा सात्विक भोजन गरिन्छ । तामसी भोजनमा बर्जित हुने चाड पनि हो छठ । तराईमा उत्पादन हुन नसकेका सामान भारतबाट समेत ल्याइएका छन् । नेपालको तराई मधेशमा मात्र सिमित रहेको छठ पर्व केहि वर्षयता काठमाडौं र पोखरा लगायत पहाडी क्षेत्रमा पनि मनाउन थालिएको छ । छठ तराईबाट पहाडमा बिस्तार भएको छ । देशका सबै ठाउँमा मनाउनु भनेको सँस्कृतिको बिस्तार भएको मान्न सकिन्छ । कतिपय चाडपर्व एक देशबाट अर्को देशमा पनि मनाई रहेको बेला एकै देशको संस्कृति बारे सबै नेपालीले थाहा पाउनु बहुधार्मिक, बहुसाँस्कृतिक भएको देश हो भन्ने प्रमाण हो ।

तराईबासीहरु नेपालका जुन ठाउँमा बसे पनि छठ मनाउँन आफ्नो जन्मस्थान जाने गरेका थिए । पछिल्लो समय जुन ठाउँमा बसोबास गरिएको छ । त्यहि ठाउँमा छठ मनाउने गरेका छन् । यसले आपसी सद्भाव बढाउने काम गर्छ । सँस्कृतिको बिस्तार एउटा समुदायले मनाईरहेको पर्व अर्को समुदायले पनि मनाउन थाल्नु अवश्य पनि सकारात्मक सन्देशको रुपमा लिनुपर्ने हुन्छ । सरकारले छठ पर्वमा दुई दिन सार्वजनिक विदा दिएको छ । महाभारतकालमा द्रौपदीसहित पाण्डवहरुले अज्ञात वासमा रहदा गुप्तवास सफल होस् भनी सूर्य देवको आराधना गरेको र सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको कथन छ ।

छठ पर्वको दिन दिउसो अस्ताउदै गरेको सूर्यको पूजा तथा खष्टी मातालाई अर्घ दिएर मनाउने चलन छ । सूर्य देवतालाई ठेकुवा, भुसवा, केरा, नरिवल, अदुवा, फलफूल, मिठाइसहितका प्रसाद अर्पण गरिन्छ भने चौथो तथा अन्तिम दिन उदाउँदै गरेको सूर्य र खष्टी मातालाई अर्घ दिई छठ सम्पन्न गरिन्छ । पारिवारिक सुख, शान्ति, रोगबाट मुक्ती तथा मनोकांक्षा पूरा होस् भन्ने उद्देश्यले सूर्यको उपसना गरी यो पर्व मनाउने परम्परा छ । बिशेषगरी मिथिलाञ्चलको आस्थाको रुपमा मानिने छठ पर्व तराईका जिल्लाका साथै राजधानीमा कमलपोखरी, वाग्मती किनार समेत धुमधामका साथ मनाईने गरिएको छ । भिडभाड सहित छठ मनाउनेको संख्या बढ्नु र देशका धेरै ठाउँमा मनाउनु छठ पर्वको महत्व बढ्दै जानु हो । छठ पर्वको अवसरमा सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरुलाई शुभकामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना !

तपाईको आज

मेष	: स्वास्थ्यमा सुधार	तुला	: ब्यापारमा लाभ
वृष	: शुभ यात्रा	वृश्चिक	: अप्रत्यसित लाभ
मिथुन	: आर्थिक समस्या	धनु	: शारीरिक झमेला
ककर्ट	: कार्यमा सफलता	मकर	: सत्कार मिल्नेछ
सिंह	: झमेला बढ्ने	कुम्भ	: मानसिक तनाब
कन्या	: शत्रुको भय	मीन	: सहयोग मिल्नेछ

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

यु-१९ महिला क्रिकेट: भारतसँग नेपाल पराजित

रासस
काठमाडौं, २८ कार्तिक

महिला यु-१९ 'ए' महिला क्रिकेटमा भारतविरुद्ध नेपाल १२५ रनले पराजित भएको छ । शनिबार सम्पन्न खेलमा भारतले दिएको २०६ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर ८० रन मात्र बनायो ।

नेपालका लागि सावित्री धामीले १९ र तृषना विश्वकर्माले १८ रन जोडिन् । बाँकी नेपाली ब्याटरले भने दोहोरो अङ्कमा समेत रन बनाउन सकेनन् ।

भारतका लागि बलिङतर्फ मैत्री मनियारले तीन ओभरमा एक मेडनसहित सात रन दिएर सर्वाधिक चार विकेट लिइन् । त्यसअघि भारतको बेङ्गलुरुस्थित भारतीय क्रिकेट नियन्त्रण बोर्ड (बिसिसिआई) को क्रिकेट मैदानमा टस जितेर ब्याटिङ रोजेको भारतले निर्धारित २० ओभरमा चार विकेट गुमाएर २०५ रन बनाएको थियो ।

भारतका लागि भाविका अहिरेले ४८, तानिष्का शर्माले ३६, आर्या पोड्दे र निधि महतोले ३५-३५ र इरा जाधवले २६ रन बनाइन् । नेपालका लागि बलिङतर्फ टीका साहले दुई, रचना चौधरी र आशिका महराले समान एक-एक विकेट लिइन् । भारत भ्रमणअन्तर्गत श्रृङ्खलाको पहिलो खेलमा नेपाली टोली नौ विकेटले पराजित भएको थियो । नेपालले अब तेस्रो खेल बुधबार खेल्ने तालिका छ ।

नेपालले आगमी वर्ष घरेलु मैदानमा आयोजना हुने यु-१९ विश्वकपको तयारीका लागि भारतमा अभ्यास गरिरहेको हो ।



कुहिरो र हिमाल :
तनहुँको व्यास नगरपालिका-५ मानुङकोटबाट देखिएको कुहिरो र हिमालको दृश्य । चिसो मौसम लागेसँगै मानुङकोटमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ । तस्बिर : कृष्ण न्यौपाने/ रासस

नेपालका २५ लाख हेक्टर वनमा कार्बन कार्यक्रम विकास गरिने सहमति

रासस
काठमाडौं, २८ कार्तिक

नेपाल सरकार र विश्वव्यापी जलवायु समाधान प्रदायक संस्था साउथ पोलबीच कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशका २५ लाख हेक्टरभन्दा बढी वन क्षेत्रमा कार्बन कार्यक्रम विकास गर्ने सहमति भएको छ ।

कोप-३१ का अवसरमा कृषि, वन तथा पर्यावरण मन्त्रालय र साउथ पोलबीच शनिबार भएको सहमतिअनुसार क्षेत्रगत वन कार्बन कार्यक्रम (जे-रेड्ड प्लस) विकास गरिनेछ । सुरुमा तीन प्रदेशमा सञ्चालन गरिने कार्यक्रम क्रमशः देशभर विस्तार गर्ने लक्ष्य राखिएको छ । आर्किटेक्चर फर रेड्ड प्लस ट्रान्ज्याक्सन्स (एआरटी) को ट्रिज मापदण्डअनुसार विकास गरिने कार्यक्रमले वन विनाश तथा क्षयीकरणबाट हुने हरितगृह ग्यास उत्सर्जन घटाउने, दिगो वन व्यवस्थापन प्रवर्द्धन गर्ने र वन डढेलो नियन्त्रणमा सुधार गर्ने लक्ष्य राखेको छ । कार्यक्रमअन्तर्गत अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनको अन्तर्राष्ट्रिय उड्डयनका लागि कार्बन अफसेटिङ तथा न्यूनीकरण योजना (कोर्सिया) र पेरिस सम्झौताको धारा ६ अन्तर्गत अन्तरराष्ट्रिय बजारमा बिक्री गर्न सकिने वन कार्बन क्रेडिट उत्पादन गरिनेछ ।

सहमतिअनुसार नेपाल सरकार र साउथ पोलले कार्यक्रम सञ्चालनका लागि आवश्यक नीतिगत तथा नियामक संरचना, कार्बन तथा भूमिसम्बन्धी अधिकार, सुरक्षा मापदण्ड, लाभ बाँडफाँट र स्थानीय समुदायको स्वतन्त्र, पूर्वसूचित तथा सुसूचित सहमति सुनिश्चित गर्ने प्रक्रिया विकास गर्नेछन् । साउथ पोलले कार्यक्रमको प्राविधिक डिजाइन, लगानी संरचना, मिश्रित वित्त परिचालन तथा कार्बन क्रेडिटको अन्तरराष्ट्रिय बजार व्यवस्थापनमा सहयोग गर्नेछ । उत्पादित कार्बन क्रेडिटलाई कोर्सिया र पेरिस सम्झौताको धारा ६ अन्तर्गतका अन्तर्राष्ट्रिय खरिदकर्तासँग जोड्ने सहमतिमा उल्लेख छ । कृषिमन्त्री गीता चौधरीले सामुदायिक वन व्यवस्थापन र संरक्षणमा नेपालले अन्तर्राष्ट्रिय पहिचान बनाएको उल्लेख गर्दै यस सहकार्यले वन तथा पारिस्थितिक प्रणाली संरक्षणका लागि अन्तर्राष्ट्रिय जलवायु वित्त परिचालनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले वनमा आश्रित आदिवासी तथा स्थानीय समुदायको संरक्षण, डढेलोको जोखिम न्यूनीकरण तथा युवा र महिलाका लागि दिगो आर्थिक अवसर सिर्जना गर्न कार्यक्रम उपयोगी हुने बताउनुभयो ।

मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले तीन प्रदेशका २५ लाख हेक्टरभन्दा बढी वन क्षेत्र समेट्ने कार्यक्रम संयुक्त रूपमा विकास गर्न लागिएको जानकारी दिनुभयो । उहाँका अनुसार दिगो वन व्यवस्थापन र पर्वतीय जलाधार संरक्षणका कार्यक्रममार्फत गरिब तथा सीमान्तकृत आदिवासी समुदायको जीविकोपार्जनका अवसर विस्तार गरिनेछ । साउथ पोलका प्रमुख कार्यकारी अधिकृत नादिया कादुदुरीले सन् २०२७ मा कोर्सियाको दोस्रो चरण सुरु हुनुअघि उच्च गुणस्तरका वन कार्बन क्रेडिटको आपूर्ति बढाउनुपर्ने बताउनुभयो । उहाँले नेपालको वन संरक्षणसम्बन्धी दृष्टिकोण र जलवायु प्राथमिकतामा निजी लगानी, प्राविधिक क्षमता तथा अन्तरराष्ट्रिय बजारको पहुँच जोड्न सहकार्यले सहयोग गर्ने उल्लेख गर्नुभयो ।

अन्तरराष्ट्रिय हवाई यातायात सङ्घका अनुसार कोर्सियाअन्तर्गत दायित्व पूरा गर्न विमान कम्पनीहरूलाई हाल उपलब्ध आपूर्तिभन्दा तीन गुणाभन्दा बढी योग्य कार्बन एकाइ आवश्यक पर्ने विज्ञप्तिमा जनाइएको छ । सन् २०२७ मा योजनाको दोस्रो चरण सुरु हुने भएकाले वनसम्पन्न मुलुकका लागि अन्तरराष्ट्रिय जलवायु वित्त परिचालनको अवसर रहेको साउथ पोलको भनाइ छ ।

सन् २००६ मा स्थापना भएको साउथ पोलले विश्वभर तीन हजार पाँच सयभन्दा बढी संस्थालाई सेवा दिँदै आएको छ । संस्थाका अनुसार यसको पोर्टफोलियोमा ८५० भन्दा बढी कार्बन परियोजना छन् भने हालसम्म २० करोड मेट्रिक टनभन्दा बढी कार्बन डाइअक्साइड उत्सर्जन न्यूनीकरणमा सहयोग पुऱ्याएको छ । यस सहकार्यबाट वन संरक्षण, जलवायु अनुकूलन तथा वनमा निर्भर समुदायको जीविकोपार्जनमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

म्याग्दीमा पूर्वाधार विकास डिभिजन कार्यालय स्थापना

पोखरापत्र संवाददाता
म्याग्दी, २८ कार्तिक

धौलागिरि क्षेत्रका चार जिल्ला कार्यक्षेत्र हुने गरि म्याग्दीको सदरमुकाम बेनीमा पूर्वाधार विकास डिभिजन कार्यालय स्थापना भएको छ ।

म्याग्दी, बागलुङ, पर्वत र मुस्ताङ कार्यक्षेत्र भएको उक्त कार्यालय सङ्घीय सरकारको पूर्वाधार विकास मन्त्रालयको स्थानीय पूर्वाधार विकास विभाग अन्तर्गतको हो । जिल्ला समन्वय समितिको भवनमा स्थापना भएको कार्यालयको शुक्रबार गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली (सुविन)ले उद्घाटन गर्नुभयो ।

नेपाल सरकार मन्त्रिपरिषद्को २०८३ असोज १३ गतेको निर्णय अनुसार म्याग्दीमा डिभिजन कार्यालय स्थापना गरिएको डिभिजन प्रमुख सिनियर डिभिजनल इन्जिनियर जनकराज पन्तले जानकारी दिनुभयो । "पूर्वाधार विकास मन्त्रालय अन्तर्गत प्रत्येक प्रदेशमा सातवटा पूर्वाधार सुपरिवेक्षण तथा अनुगमन कार्यालय र २१ वटा पूर्वाधार विकास डिभिजन स्थापना गर्ने निर्णय कार्यान्वयनका क्रममा म्याग्दीमा डिभिजन स्थापना भएको हो," उहाँले भन्नुभयो "डिभिजन मार्फत वैकल्पिक राजमार्ग, रणनीतिक कृषि सडक, पर्यटकीय मार्ग, स्थानीय तहका केन्द्र जोड्ने सडक तथा स्थानीय सडक, पुल र झोलुङ्गे पुल निर्माण एवं स्तरोन्नति गर्ने योजनाहरू सञ्चालन हुनेछन् ।"

क्षेत्रीय तथा प्रादेशिक सन्तुलन कायम गर्दै गुणस्तरीय, वातावरणमैत्री र विपद् प्रतिरोधी पूर्वाधार निर्माणलाई प्राथमिकता दिइने पन्तले बताउनुभयो । चालु आर्थिक वर्ष २०८३/८४ मा डिभिजन कार्यालय मार्फत ११ वटा वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम, १५ वटा स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार, दुईवटा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम र दुईवटा स्थानीय तहको केन्द्र जोड्ने सडक विकास कार्यक्रम रहेका छन् । विभागबाट योजना तथा बजेट बाँडफाँट भएपछि कार्यान्वयन प्रक्रिया अघि बढ्ने इञ्जिनियर साधना तिवारीले बताउनुभयो । कार्यालयमा हाल सिनियरडिभिजनलइन्जिनियरको नेतृत्वमा १४ जनास्थायीप्रकृतिका प्राविधिक तथा प्रशासनिक दरबन्दी छन् । नयाँ कार्यालय स्थापनासँगै चार जिल्लामा पूर्वाधार विकास सम्बन्धी योजना तथा कार्यक्रमको कार्यान्वयन र समन्वयमा सहजता हुने अपेक्षा गरिएको गण्डकी प्रदेशसभा सदस्य जुग्जालीले बताउनुभयो । "यसअघि पोखरामा कार्यालय हुँदा योजना छनौट, कार्यान्वयन, अनुगमन, समन्वय र गुनासो ब्यवस्थापनमा समस्या भएको थियो," उहाँले भन्नुभयो "कार्यालय स्थापना गर्न भूमिका खेल्ने म्याग्दीका प्रतिनिधीसभा सदस्य रहनुभएका विज्ञान, प्रबिधी तथा नवप्रर्वतन मन्त्री महाविर पुन लगायत सङ्घीय मन्त्रीपरिषद् लाई जिल्लाबासीको तर्फबाट धन्यवाद् व्यक्त गर्दछौ ।"



जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख डिलकुमारी खत्रीले पूर्वाधारसँगै कालीगण्डकी बेसिनमा नदी नियन्त्रण र बस्ति संरक्षण आयोजना कार्यान्वयन गर्ने गरि म्याग्दीमै सङ्घीय सरकारको जलस्रोत तथा सिचाई ब्यवस्थापन र खानेपानी तथा ढल ब्यवस्थापन कार्यालय पनि स्थापनाको तयारीमा रहेको जानकारी दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी गणेश गैरेले कार्यालयबाट योजनाहरूको जनअपेक्षा अनुसार गुणस्तरीय र निर्धारित समयमै प्रभावकारी कार्यान्वयनको अपेक्षा व्यक्त गर्नुभयो । कार्यक्रममा बेनी नगरपालिका प्रमुख सुरत केसी, जिल्ला स्थित राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिहरू, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख लगायत अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

मधेस प्रदेशका मुख्यमन्त्री यादवद्वारा पदबाट राजीनामा

रासस
काठमाडौं, २८ कार्तिक

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशसभाबाट विश्वासको मत पाउने अवस्था नरहेपछि आज पदबाट राजीनामा दिनुभएको छ ।

विश्वासको मत लिने प्रयोजनका लागि शनिबार बसेको प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै उहाँले राजीनामाको घोषणा गर्नुभएको हो । नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत पाउने अवस्था कमजोर बनेको थियो । मुख्यमन्त्री यादवले अङ्कगणितीय हिसाबले पदमा रहनुभन्दा जनताको सेवा र विश्वासलाई प्राथमिकता दिँदै राजीनामा दिएको बताउनुभयो ।

नेपाली कांग्रेस नेतृत्वको सरकारमा सहभागी नेकपा (एमाले) का चार मन्त्रीले गत असोज २५ गते सामूहिक राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए । त्यसैगरी, नेपाली कम्युनिष्ट पार्टीका चार मन्त्रीले कात्तिक २० गते राजीनामा दिँदै समर्थन फिर्ता लिएका थिए ।

मुख्यमन्त्री यादवको राजीनामापछि मधेश प्रदेशमा अब कुन दलको नेतृत्वमा सरकार गठन हुने भन्ने टुङ्गो लागेको छैन ।

एक सय सात सदस्यीय मधेश प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ सदस्यको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा नेपाली कांग्रेसका २२, नेकपा (एमाले) का २३, जनता समाजवादी पार्टी नेपालका २७, नेपाली कम्युनिष्ट पार्टीका १५ र जनमत पार्टीका १२ सदस्य छन् । त्यस्तै, सङ्घीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सदस्य छन् ।

'भोटे कुकुर': भेँडाबाख्राका रक्षक, गोठालाका सारथी

सन्तोष गौतम
म्याग्दी, २८ कार्तिक/रासस

म्याग्दीको धवलागिरि गाउँपालिका-५ मल्कवाङका हिमबहादुर छन्त्यालको गोठमा पाँच वटा कुकुर छन् । बीस वर्ष संयुक्त अरब इमिरेट्स (युएई) मा रोजगारी गरेर फर्किनुभएका ५० वर्षीय छन्त्यालले आफ्नो फार्ममा रहेका ६०० भेँडाबाख्राको सुरक्षाका लागि 'भोटे कुकुर' पाल्नुभएको हो ।

"घना जङ्गल, अग्ला पहाड र विकट भूगोलमा महिनौँसम्म गोठमा बसेर भेँडाबाख्रा पालन गर्ने किसानका लागि कुकुर घरपालुवा जनावरमात्र होइन, भरपर्दो साथी र सुरक्षाकर्मी पनि हो", छन्त्यालले भन्नुभयो "सयौँको संख्यामा रहेका पशुचौपायाको हेरचाहदेखि जङ्गली जनावरको आक्रमणबाट जोगाउनसम्म कुकुरले गोठालालाई सघाउँदै आएका छन् ।" म्याग्दी, मुस्ताङ र ढोरपाटन क्षेत्रका घुम्ती गोठमा पशुपालन गर्ने किसानका लागि कुकुर अनिवार्य सहयोगी बनेका छन् । सहरबजारमा सोख र सुरक्षाका लागि कुकुर पाल्ने चलन भए पनि विकट पहाडी तथा हिमाली क्षेत्रमा पशुधनको रक्षाका लागि कुकुर पाल्नु किसानको बाध्यता र आवश्यकता दुवै भएको धवलागिरि गाउँपालिका-४ सिम्कोशका भेडापालक कृषक आस्मान पुर्जाले बताउनुभयो ।

उहाँका अनुसार यहाँका गोठालाले अग्लो शरीर, ३० किलोग्रामभन्दा बढी तौल र बलियो शारीरिक बनावट भएका कम्तीमा दुई वटा भोटे कुकुर पाल्ने गर्छन् । "देख्दै डरलाग्दा यी कुकुरले जङ्गली जनावरको चाल छिटो थाहा पाउने,



गन्ध सुँघेर पत्ता लगाउने र खतराको सङ्केत गर्ने क्षमता राख्छन् । यस्ता कुकुरका छाउरा प्रतिगोटा रु १० हजारभन्दा बढी मूल्यमा बिक्री हुने गरेका छन्", उहाँले भन्नुभयो ।

अन्नपूर्ण गाउँपालिका-५ पाउद्वारका ८१ वर्षीय लालवीर तिलिजाले सात दशकदेखि भेँडापालन गर्दै आउनुभएको छ । उहाँका अनुभवमा कुकुरबिना सयौँ पशुचौपायाको रेखदेख गर्न गोठालालाई निकै कठिन हुन्छ । "जङ्गली जनावरको चाल छिटो सुन्ने र सुँघेर पत्ता लगाउने विशेषता भएका कुकुरले गोठालाको दैनिकी सहज र सुरक्षित बनाएका छन्", उहाँले भन्नुभयो, "कुकुर नहुने हो भने किसानले धेरै क्षति र दुःख बेहोर्नुपर्छ ।"

जङ्गलमा चितुवा, ब्वाँसो, भालु र स्यालको जोखिम हुने भएकाले कुकुरले गोठ र पशुधनको पहरेदारको काम गर्छन् । साँझ, राति र बिहान गोठ वरपर रुँगेर बस्ने कुकुरले अपरिचित मानिस वा जङ्गली जनावर देखेपछि चर्को स्वरमा भुकेर गोठालालाई सचेत गराउँछन् । आवश्यक पर्दा जनावरलाई लखेट्ने र प्रतिकार गर्ने भएकाले गोठालाको सुरक्षामा समेत सहयोग पुग्ने गरेको छ ।

पाउद्वारका किसान टेकजित तिलिजाका अनुसार टाढा पुगेका भेँडाबाख्रा फर्काउन र हराएका पशु खोज्न पनि कुकुरले सघाउँछन् । "कुकुरले पशु कहाँ पुगेका छन् भन्ने पत्ता लगाउन र बथानलाई एकै ठाउँमा राख्न सहयोग गर्छ", उहाँले भन्नुभयो । मनिराम पाइजाले पनि कुकुरबिनाको गोठालो जीवन कल्पना गर्न नसकिने धारणा राख्नुभयो । "पशु चराउन लैजाँदा कुकुर बथानको पछिपछि लाग्छन् । अप्ठ्यारो भीरमा जान नदिने, साँझ परेपछि पशुलाई खेदेर गोठमा फर्काउने र जङ्गली जनावर देखेपछि भुकेर सूचना दिने उनीहरूको विशेषता हो । चितुवा, ब्वाँसो र स्यालजस्ता जनावर देखेपछि कुकुरले भुकेर खबर गर्छन् र आक्रमण गर्न आएमा प्रतिकार गरेर भगाउँछ", उहाँले भन्नुभयो । गोठमा पालिएका कुकुरलाई बिहान र बेलुका पिठोको खोले, भेँडाको दूध र मासु खुवाउने गरिन्छ । पशु चरनका लागि एक ठाउँमा १० देखि १५ दिनसम्म गोठ राख्ने र त्यसपछि अर्को खर्कमा सार्ने परम्परा छ । गोठालासँगै लेकबेँसी गर्ने कुकुर पनि यही जीवनशैलीमा अभ्यस्त भएका हुन्छन् । बर्खायाममा धवलागिरि र अन्नपूर्ण हिमालको फेदी तथा ढोरपाटन क्षेत्रका बुकीमा पुगेका पशुगोठ चिसो बढेसँगै बेँसीतर्फ झर्न थालेका छन् । हिमाली चरन क्षेत्रलाई बुकी र गाईवस्तुको गोठ राख्ने स्थानलाई खर्क भनिन्छ । लेकमा पोषिलो घाँस खाएर मोटाएका पशु लिएर गोठाला बन्दोबस्तीका सामानसहित क्रमशः तल झर्ने गर्छन् । बेँसीका खेतबारीमा घुम्ती गोठ राखेर पशुबाट प्राप्त मलले जमिनको उर्वराशक्ति बढाउने परम्परा म्याग्दीमा कायमै छ ।

धवलागिरि गाउँपालिकाका गुर्जा, लुलाङ, लमसुङ, खोरिया, मुना, दर, मुदी, खिवाङ, फलियागाउँ र मल्कवाङ तथा रघुगङ्गाका कुइनेखानी, पाल्लेखर्क, मङ्गलेखानी, चिमखोला, दग्नाम र ठाडाखानीका किसानले परम्परागत घुम्ती गोठ प्रणालीमा पशुपालन गर्दै आएका छन् । त्यस्तै अन्नपूर्ण गाउँपालिकाका दोवा, दाना, नारच्याङ, पाउद्वार, शिख र राम्चेका किसान पनि यही पेसामा आबद्ध छन् । आधुनिक जीवनशैली र रोजगारीका अवसरले परम्परागत घुम्ती गोठ प्रणाली चुनौतीमा परिरहेका बेला भोटे कुकुर भने अझै गोठालाका अभिन्न सारथि बनेका छन् । निर्जन जङ्गल र उकाली-ओरालीको कठिन यात्रामा गोठालालाई साथ दिने यी बफादार जनावरले पुस्तौँदेखि पशुपालन संस्कृतिको संरक्षण र निरन्तरतामा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् ।

पद्मश्री बचत तथा ऋण सहकारीको १९औँ वार्षिक साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २८ कार्तिक



पद्मश्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड न्यूरोडको १९औँ वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि सो सहकारी संस्थाका संरक्षक एवं सल्लाहकार कपिलनाथ कोइरालाले पानसमा दियो बालेर सभाको समुद्घाटन गरेका थिए । सभालाई सम्बोधन गर्दै प्रमुख अतिथि कोइरालाले वर्तमान समयमा सहकारीहरूका बारेमा विभिन्न कुराहरू बुझ्न आवश्यक रहेको बताएका छन् । कुन सहकारी असल हो र कुन सहकारी खराब हो भन्ने छुट्याउन हामीलाई आवश्यक रहेको धारणा राख्दै उनले बजारमा सहकारी डुबेका विभिन्न हल्लाहरू चलेको बताए । कार्यसमितिको बैठक नबस्ने, वार्षिक साधारण सभा नगर्ने र कमजोर धितोमा ऋण लगानी गर्ने जस्ता कार्य गर्ने सहकारीहरू खराब, तर पद्मश्री सहकारीले स्थापनादेखि नै आर्थिक सुशासन कायम गरिरहेको पुष्टि भएको उनको भनाइ थियो ।

संस्थाकी अध्यक्ष इन्दिरा कोइरालाले वि.सं. २०६५ सालमा विधिवत रूपमा दर्ता भई "हाम्रो आर्थिक समस्याको समाधान हाम्रो सहकारी" भन्ने मूल नाराका साथ संस्थाले पारदर्शिता र इमान्दारिताका साथ कार्य गर्दै आइरहेको बताइन्। उनले बजारमा सहकारीप्रति देखिएको नकारात्मक धारणा र असहज आर्थिक परिस्थितिका बीच पनि संस्थाले मितव्ययिता अपनाउँदै शेयर सदस्यहरूलाई निरन्तर लाभांश वितरण गर्न सफल भएको उल्लेख गरिन् । साधारण सभामा सचिव देवेन्द्र पालिखेले वार्षिक प्रतिवेदन कोषाध्यक्ष उर्मिला बस्नेतले आर्थिक प्रतिवेदन र लेखा संयोजक गणेश प्रसाद कोइरालाले लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गरेका थिए । ती प्रतिवेदनहरुलाई संस्थाका शेयर सदस्यहरुले सर्वसम्मतरुपमा पारित गरेका छन् । कार्यक्रममा संस्थाकी उपाध्यक्ष सुजा बाँस्तोलाले स्वागत मन्तव्य राखेकी थिइन् भने शेयर सदस्य कमला खातीले मन्तव्य व्यक्त गरेकी थिइन् ।

सभामा सदस्य झलक कोइराला अधिकारीले सहकारीका सात सिद्धान्त वाचन गरेकी थिइन् । सोही अवसरमा संस्थामा उत्कृष्ट कारोबार गर्ने शेयर सदस्य गंगा अर्याललाई मायाको चिनो प्रदान गरी सम्मान गरिएको थियो । संस्थाकी अध्यक्ष इन्दिरा कोइरालाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन सचिव देवेन्द्र पालिखेले गरेका थिए ।

संस्थाले आगामी दिनमा पर्याप्त तरलताको सदुपयोग गर्दै उत्पादनमूलक र रोजगारीमूलक क्षेत्रमा सर्वसुलभ तरिकाले ऋण प्रवाह गर्ने, सदस्यहरूलाई शिक्षा तथा सीपमूलक तालिम प्रदान गर्ने र कार्यालयको स्तरोन्नति गर्ने भावी योजना अघि सारेको छ ।

म्याग्दीको ग्रामीण परिवेशमा आधारित चलचित्र 'सारथी'

पोखरापत्र संवाददाता
म्याग्दी, २८ कार्तिक

म्याग्दीको ग्रामिण परिवेश र सामाजिक कथावस्तुमा आधारित चलचित्र 'सारथी' तयार भएको छ ।

आगामी मंसिर ११ गते देशभरका सिनेमाघरहरूमा एकैसाथ प्रर्दशन हुन लागेको 'सारथी'को म्याग्दीको सबैभन्दा बिकट र दुर्गम मानिने गुर्जामा पहिलो पटक छायांकन गरिएको सिनेमा हो । सिनेमाका निर्देशक कुमार गजुरेलले प्रर्दशन मिति नजिकिएसँगै 'पोष्टर', 'ट्रेलर', शीर्ष गीत सार्वजनिकसँगै प्रचारप्रसार तीब्र बनाएको जानकारी दिनुभयो ।

"चलचित्रले हिमाली जनजीवन, स्थानीय संस्कृति, परम्परा, सामाजिक सम्बन्ध र मानवीय संवेदनालाई समेटेको छ," उहाँले भन्नुभयो "गुर्जाको प्राकृतिक, सांस्कृतिक र जैविक सम्भावनालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा उजागर गराउनु पनि छायांकनका लागि गुर्जा रोज्नुको एउटा कारण हो ।"

तारा थापा 'किम्भे' प्रस्तुतकर्ता रहेको चलचित्र किम्भे 'प्रोडक्सन'को निर्माण तथा धिरज 'इन्फिनिटी फिल्म्स'को सहकार्यमा तयार भएको हो । रदिप श्रेष्ठ र प्रदीप रायमाझी चलचित्रका निर्माता हुन् । बेक बहादुर विश्वकर्मा र नवीन श्रेष्ठ कार्यकारी निर्माता, अविनाश राई, द्वारिका श्रेष्ठ र ओमिसन थापा सह-निर्माता तथा अमिर केसी लाइन प्रोड्युसर हुनुहुन्छ ।

संकल्प भुजेलले छायांकन गर्नुभएको चलचित्र सम्पादन तारा थापा 'किम्भे'ले गर्नुभएको हो । राजु खतिवडा मुख्य सहायक निर्देशक तथा यमुना आचार्य र आशिष श्रेष्ठ सहायक निर्देशक हुनुहुन्छ । चलचित्रमा बाबुल गिरी र प्रशान्त शिवाकोटीको संगीत छ । गीतमा बाबुल गिरी, प्रशान्त शिवाकोटी र रचना रिमालको स्वर छ भने गीत प्रशान्त शिवाकोटीले लेख्नुभएको छ । नृत्य निर्देशन कविराज गहतराज, कला निर्देशन श्याम कार्की र 'ड्रेस कोअर्डिनेसन' गोविन्द खड्काले गर्नुभएको छ । सारथीको 'मयाली' बोलको शिर्ष गित सामाजिक सञ्जाल 'युट् युव'मा सार्वजनिक भएको आठ दिनको अवधीमा तेईस लाख आठ हजार पटक हेरिएको छ ।

उक्त गितमा अभिनय गरेर 'टिकटक' र 'फेसबुक रिल्स' बनाइरहेका छन् । चलचित्र 'आरआर फिल्म्स'ले वितरण गर्ने कार्यकारी निर्माता बेकबहादुर विश्वकर्माले बताउनुभयो । प्राकृतिक, सांस्कृतिक र जैविक सम्भावनालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा उजागर गराउनका लागि चलचित्र छायांकनका लागि गुर्जालाई रोजिएको उहाँले बताउनुभयो ।

गुर्जा र चुरेन हिमालको फेदीमा रहेको अल्पसंख्यक छन्त्याल र दलित समुदायको मात्र बसोबास रहेको गुर्जामा पहिलो पटक चलचित्र छायांकन भएको धवलागिरी गाउँपालिका-१ का वडा अध्यक्ष झकबहादुर छन्त्यालले बताउनुभयो । चलचित्रको माध्यमबाट गुर्जाको प्रचारप्रसार भई पर्यटक आकर्षिक गराउन सहयोग पुग्ने अपेक्षा गरिएको उहाँले बताउनुभयो ।

सारथी मार्फत कलाकार उत्तम प्रधान र निरुता सिंह को जोडी करिब दुई दशकपछि पुनः एकसाथ देखिन लाग्नुभएको छ । मुकुन्द श्रेष्ठ, सम्प्रान्त थापा, गिरी विश्वकर्मा, गायत्री जोशी, मदन थापा, मिलन खड्का, रश्मी गुरुङ, तुलसी राई, आशा विश्वकर्मालगायतका कलाकारको अभिनय रहनेछ । गिरी विक र गायत्रीले सारथीबाट चलचित्र अभिनयमा डेब्यु गर्नुभएको हो ।

ग्रामिण परिवेश र सामाजिक कथावस्तुमा आधारित चलचित्रमा अभिनयको अवसर पाउँदा उत्साही भएको कलाकार गिरी विश्वकर्माले बताउनुभयो । हाल पोखरामा बस्दै आएका गिरीको जन्मथलो पनि गुर्जा हो ।

गण्डकी प्रदेशस्तरीय 'पीएम कप महिला' टी-२० क्रिकेट सुरु

पोखरापत्र संवाददाता
पोखरा, २८ कार्तिक

पोखरामा शनिबारदेखि गण्डकी प्रदेशस्तरीय 'पीएम कप महिला टी-२०' छनोट क्रिकेट प्रतियोगिता सुरु भएको छ ।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा सञ्चालन भएको प्रतियोगिताको उद्घाटन खेलमा चन्द्रमाया बरालको उत्कृष्ट अलराउण्ड प्रदर्शनमा कास्कीले नवलपुरलाई १९ रनले पराजित गरेको छ । यसैगरी, दोस्रो खेलमा स्याङ्जा जिल्ला महिला क्रिकेट टोलीले पर्वतलाई १०७ रनको फराकिलो अन्तरले पराजित गरेको छ । उद्घाटन खेलमा कास्कीले दिएको ११७ रनको लक्ष्य पछ्याएको नवलपुरले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै ९७ रन मात्रै बनाउन सक्यो । नवलपुरका लागि धनकुमारी क्षेत्रीले २८, आयुष्मा चापागाईंले अविजित २३ र निकिता कुँवरले १४ रन बनाए पनि टोलीलाई जिताउन सकेनन् । आयुष्माले २३ बलमा एक चौका र एक छक्का प्रहार गरिन् । यसअघि टस जितेर नवलपुरकी कप्तान श्रेया शर्माले फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको कास्कीले निर्धारित २० ओभरमा दुई विकेट गुमाएर ११६



रन बनाएको थियो । कास्कीका लागि चन्द्रमाया बरालले ५२ बलमा चार चौकाको मद्दतले अविजित ५५ रन बनाउँदै अर्धशतक पूरा गरिन्। सम्झना बिकले १८ र रिया तामाङले अविजित १४ रनको योगदान दिइन् । नवलपुरका श्रेया शर्मा र अनुषा तिमिल्सिनाले समान एक-एक विकेट लिए । बलिङतर्फ पनि चन्द्रमायाले उत्कृष्ट प्रदर्शन गरिन् । उनले चार ओभरमा १२ रन खर्चेर दुई विकेट लिइन् । वर्षा पौडेलले एक विकेट हात पारिन् । ब्याटिङमा अर्धशतक र बलिङमा दुई विकेट लिएकी चन्द्रमाया खेलको 'प्लेयर अफ द म्याच' घोषित भइन् ।

दोस्रो खेलमा टस जितेर पहिले बलिङ रोजेको पर्वतविरुद्ध स्याङ्जाले निर्धारित २० ओभरमा दुई विकेट गुमाउँदै १४७ रनको योगफल तयार पारेको थियो । स्याङ्जाका लागि सलिना सेनले अविजित ५५ रन बनाउँदै उत्कृष्ट ब्याटिङ गरिन् । उनले ४८ बलमा ६ चौका प्रहार गरिन् । त्यस्तै, श्रेया शाहले २७, सीमना केसीले २९ तथा सेरिना थापाले अविजित ८ रनको योगदान दिइन् । १४८ रनको लक्ष्य पछ्याएको पर्वतको टोली १५ ओभरको चौथो बलमा ४० रनमै समेटियो । प्रतियोगिताको उद्घाटन गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्यसचिव दीपेन्द्र परियारले 'अम्पायर'द्वय अर्जुन उपाध्याय र अरुण अधिकारीलाई बल हस्तान्तरण गरेर गर्नुभएको थियो । प्रतियोगिताबाट छनोट हुने खेलाडीले आगामी १० औँ राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकी प्रदेशको प्रतिनिधित्व गर्ने आयोजक प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताउनुभयो । त्यस्तै, मङ्सिर तेस्रो सातादेखि पोखरामा आयोजना हुने 'पीएम कप' महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि पनि यसै छनोट प्रतियोगिताको प्रदर्शनका आधारमा प्रदेश टोली निर्माण गरिनेछ । 'लिग प्रणाली'मा सञ्चालन भइरहेको प्रतियोगिता आगामी मङ्सिर २ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा घरेलु टोली कास्कीसहित स्याङ्जा, पर्वत, बागलुङ र नवलपुरको टोली सहभागी रहेको छ । प्रतियोगिताको मुख्य उद्देश्य उत्कृष्ट खेलाडी छनोट गरी राष्ट्रिय प्रतियोगिताका लागि प्रतिस्पर्धी प्रदेश टोली तयार गर्नु रहेको अध्यक्ष सिग्देलले बताउनुभयो ।

एनपिएल: विराटनगरविरुद्ध लुम्बिनीको जित, प्लेअफ समीकरण पूरा

रासस
काठमाडौं, २८ कार्तिक

तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत लुम्बिनी लायन्सले विराटनगरविरुद्ध ४ विकेटको जित निकालेको छ ।

शनिबार विराटनगरले दिएको १६६ रनको लक्ष्य पछ्याएको लुम्बिनीले १९.५ ओभरमा छ विकेट गुमाएर भेट्टायो । उसका लागि डार्सी सर्ट र आसिफ शेखले समान ४५/५, अलि शेखले २७ र सन्दीप जोराले अविजित २५ रन बनाए । विराटनगरका लागि बलिङतर्फ अपराजित पौडेलले २ तथा रुपेश सिंह र चरिथ अशलङ्काले समान १/१ विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तराष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको विराटनगरले निर्धारित २० ओभरमा ४ विकेटको क्षतिमा १६६ रन बनायो । उसका लागि चरिथा अशलङ्काले अर्धशतकीय इनिङ खेले । उनले ४३ बलमा छ छक्का र एक चौकाको मद्दतमा ६४ रनको इनिङ खेलेका हुन् । यस्तै, शुभम रञ्जनेले अविजित ३१, इमरान शेखले २९ र लोकेश बमले १५ रन जोडे । लुम्बिनी लायन्सका बलिङतर्फ किशोर महतोले २, रुबेन ट्रम्पलम्यान र अभिशेष गौतमले १-१ विकेट लिए । लुम्बिनीको यो जितपछि विराटनगरको प्लेअफ सम्भावना समाप्त भएको छ । विराटनगर पराजित भएसँगै प्लेअफ समीकरण पनि पूरा भएको छ । यसपटक लुम्बिनीका साथै सुदूरपश्चिम रोयल्स, काठमाण्डु गोर्खाज र चितवन राइनोजले प्लेअफमा स्थान बनाए ।

दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको सूचना



जिल्ला स्याङ्जा वालिङ नगरपालिका वडा नं ०५ निवासी भारतीय भु.पु. सैनिक नं 5242056 RFN टेक बहादुर कंवरको, श्रीमतीको र छोरीको ना.प्र.मा र पेन्सन अभिलेखमा तपसिल बमोजिमको नामथर र जन्म मिति फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं २२४ मिति २०८३/०६/२६ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

तपसिलः

क्र. स.	ना.प्र.मा नामथर	पेन्सन अभिलेखमा नामथर	नाता	ना.प्र.मा जन्म मिति	पेन्सन अभिलेखमा जन्म मिति
१	टेक बहादुर कंवर	टेक बहादुर थापा	पेन्सनर	२००९/११/१८	२०१४/०४/०४
२	टिका कुमारी कंवर	माया कुमारी	श्रीमती	२०१६/१२/०८	२०१७/०४/१०
३	विनु कुँवर	विनु कुमारी	छोरी		

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा